**गाउँपालिका उपाध्यक्ष श्री भक्त वहादुर जि.सी.ज्यूद्धारा**

**दोस्रो गाउँसभाको तेश्रो अधिवेशनमा प्रस्तुत भएको**

# आ.ब. 20८०/0८१ को

# वार्षिक बजेट, योजना, तथा कार्यक्रम

**बंगलाचुली गाउँपालिका**

**कमिरेचौर, दाङ्ग**

**०8 असार 20८०**

## सभा अध्यक्ष ज्यू,

## सभाका सदस्यज्यूहरु,

नेपालको संविधान जारी भएपछि संघियता कार्यान्वयनको क्रममा भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट बंगलाचुली गाउँपालिकाको यस गरिमामय गाउँ सभा गठन भएको छ । हाम्रो कार्यकालको एक वर्षे अवधिमा विभिन्न उपलब्धिहरु हासिल भएको अवस्थामा यस  गरिमामय दोस्रो गाउँसभाको तेस्रो वजेट अधिवेशनमा गाउँपालिकाको आर्थिक बर्ष २०80/०८1 को वार्षिक बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामिलाई खुसी लागेको छ ।

यस गौरबपूर्ण क्षणमा जहाँनिया राणा शासन विरोधि, एक तन्त्रीय पञ्चायति शासन, संघीय लोकतान्त्रिक गणतन्त्रका लागि भएको १० वर्षे जनयुद्ध, १९ दिने ऐतिहासिक जन, मधेश आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । द्धन्दपिडित, घाइते योद्धाहरु र वेपत्ता नागरिकहरु र शहीद परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु।

स्थानीय सरकार संचालन ऐन, 2074 तथा अन्य विभिन्न कानूनी व्यवस्था अनुसार संघियता कार्यान्वयनको छोटो अवधिमा स्थानीय सार्वजनिक सेवा प्रवाह वहुआयामिक विकास तथा नागरिकको घरदैलोमा सरकार भएको अनुभुति दिलाउन वर्तमान स्थानीय शासन प्रणालि महत्त्वपूर्ण आधारका रुपमा अवगतै छ । विकास र सुशासनको स्पष्ट दृष्टिकोण, स्थानीय कानुनको निर्माण, गाउँपालिकाको गुरुयोजना तथा योजना तर्जुमा, जनशक्ती व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले विभिन्न प्रतिकुलताका वीचमा पनि कार्यान्वयनको प्रयासमा हामीलाई अनुकुलता तर्फ अघि बढ्ने आधार प्रदान गरेको छ ।सबैको साझा प्रयासबाट नै छोटो समयमा गाउँपालिकाले महत्त्वपूर्ण उपलब्धी प्राप्त गरेको छ । यसबाट हामी सबैलाई शहीदको सपना पुरा गर्ने तर्फ थप प्रेरणा मिल्ने छ।

बंगलाचुली गाउँपालिकाको **"सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"** को दिर्घकालिन सोच हासिल गर्न यस गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास, संमृद्धि र सुशासन हाँसिल गर्ने दिशामा आगामी कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

## सभाअध्यक्ष महोदय,

नेपालको बहुल सामाजिक, साँस्कृतिक, एवं भौगोलिक विविधता तथा विशिष्टिता पर्याप्त प्राकृतिक स्रोत साधनको उपलब्धता, शासन विकास र सेवा प्रवाहका कार्यहरुमा नागरिकहरुको सक्रिय रचनात्मक स्वस्फूर्त सहभागिता र संलग्नताको सम्भावनाहरु विद्यमान भएपनि यस गाउँपालिकाको भौगोलिक जटिलता, न्यून

आन्तिरक आम्दानी, गरिबिको रेखामुनी रहेको विपन्न नागरिकहरुको वाहुल्यता, परम्परागत कृषि तथा पशुपालन प्रणाली, उद्योग कलकारखाना, व्यापार व्यवसाय जस्ता सेवा क्षेत्रमा वाह्य लगानीको न्यूनताका कारण अपेक्षाकृत रुपमा वहुआयामिक विकास हासिल हुन नसकेको अवस्थामा सक्रिय जनसंख्या विकसित तथा सुविधा सम्पन्न क्षेत्रमा वसाईसराई गर्न उद्यत हुँदै गएको देखिन्छ भने स्थानीय स्वरोजगार तथा वाह्य रेमिट्यान्सबाट प्राप्त भएको आम्दानि उत्पादनमुलक क्षेत्रमा लगानि गर्ने वातावरण वनाउन आवश्यक देखिन्छ।

## सभाध्यक्ष महोदय,

सवल लोकतन्त्रको उच्चतम लाभ हासिल गर्न जनताको वरिपरि सरकार पुर्याउने उद्देश्यले गठन भएको वर्तमान स्थानीय तह संचालन गर्न नेपालको वर्तमान संविधानको भाग १७ तथा अन्य विभिन्न सम्बद्ध कानूनि एवं नीतिगत व्यवस्था बमोजिम स्थानीय सरकारलाई वित्तिय, व्यवस्थापकीय, प्रशासकीय एवं राजनैतिक अधिकारहरु उपयोग गर्ने अवसर प्राप्त भएको छ। यस अवस्थामा जनताको माग बमोजिम शक्ति, अधिकार, स्रोत साधन, अवसरको समन्यायिक एवं समतामुलक वितरण गर्नका लागि समावेशि लोकतन्त्र स्थानीय तहमा समेत अवलम्बन गरिएको छ। फलस्वरुप जनमैत्री र जनताका मागमा आधारित वहुआयामिक विकासात्मक र सेवामुलक एवं लोक कल्याणकारी कार्यहरुलाई थप समसामयिक रुपमा परिस्करण गरी संमृद्ध बंगलाचुली, सुखी बंगलाचुली बासि भन्ने नारालाई साकार पार्न गत विगतका वर्षहरुमा अघि सारिएका नीति, योजना बजेट तथा कार्यक्रमले  हासिल हुन नसकेका हामिले गरिएका वाचाहरु एवं प्रतिबद्धताहरुलाई प्राथमिकिकरण गरि क्रमश पुरा गर्न यो बजेट केन्द्रित रहेको छ । समयसमयमा स्थानीय राजनैतिक दल, आम बुद्धिजिवि नागरिक, सरोकारवाला अन्य वर्ग, तथा सञ्चार जगत र राष्ट्रसेवक कर्मचारीहरुसमेतको अमूल्य सुझावहरुलाई समेटेर ल्याइएको यो बजेटले अपेक्षित उपलब्धि हासिल गर्नमा टेवा पुग्ने विश्वास लिएको छु।

## सभाध्यक्ष महोदय,

अब म आ.ब. 2079/080 को वार्षिक बजेट, योजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगतिको संक्षिप्त समिक्षा प्रस्तुत गर्न गइरहेको छु ।

आ.ब. 2079/080 को हालसम्म गाउँपालिकाको कुल विनियोजित बजेट 64 करोड ८ लाख मध्य ५१ करोड ८० लाख(८१%) जसमध्य पुँजिगत तर्फ ७६ प्रतिशत र चालु तर्फ ८४ प्रतिशत खर्च भएको छ। उल्लेखित खर्चबाट सामाजिक सुरक्षा, सार्वजिनक सेवा प्रवाहको व्यवस्थापनमा पर्याप्त टेवा पुग्नुका साथै यस गाउँपालिकाको महत्त्वपूर्ण गौरबको आयोजना खरको छानो विस्थापन कार्यक्रमले चालु आ.ब. मा ४५० घरधुरिहरु लाभान्वित भएका छन् । बंगलाचुली अस्पताल भवन निर्माण कार्य सम्पन्न भएको छ भने हाँसिपुर आयुर्वेदिक औषधालयको भवन निर्माण कार्य सम्पन्न भएको छ।

स्थानीय स्तरका सडकहरु मध्य करिब ७० कि.मि. सडकहरु मर्मत सुधार भएका छन् भने १२ कि.मि. नयाँ ट्र्याक ओपन र ७ कि.मि. मोटरबाटोको स्तरोन्नती भएको छ। अर्को तर्फ ५ वटा खानेपानी आयोजना निर्माण

सम्पन्न भएका छन् । संघीय सरकारको समपुरक अनुदान र प्रदेश सरकारको समपुरक अनुदान सहयोगमा सञ्चालित २ ठुला सिँचाई आयोजनाहरु निर्माण सम्पन्नको चरणमा छन् ।

गाउँपालिकाको पर्याप्त लगानीले शैक्षिक संस्थाहरु र स्वास्थ्य संस्थाहरु सेवा करारमा जनशक्ति व्यवस्थापन गरि नागरिकहरुको निशुल्क शिक्षा र निशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर सिर्जना भएको छ। गुणस्तरीय, सर्वसुलभ र आधुनिक शैक्षिक उपलब्धि हासिल गर्न यस गाउँपालिकामा रहेका विभिन्न सामुदायिक विद्यालयहरुका भवनहरु मर्मत सम्भार तथा निर्माण भएका छन् भने स्वास्थ्य संस्थाहरुमा सूचना संचार प्रविधिमैत्री बनाउन इन्टरनेट सेवा र अत्यावश्यक इलोक्ट्रोनिक सामाग्रिहरु उपलब्ध गराइएको छ। शैक्षिक गुणस्तर सुधार गर्नको लागि ICT LAB को स्थापना, कक्षा कोठा व्यवस्थापन र विभिन्न तहमा कार्यरत शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि तालिम संञ्चालन भएका छन् ।मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विभिन्न सामुदायिक विद्यालयको पूर्वाधार संरचना निर्माण, संस्थागत विकासको कार्य भएको छ।

विभिन्न लक्षित वर्गको लागि बढि रचनात्मक र व्यवहारिक हुने खालका सिपमुलक तालिमहरु निजहरुकै माग र आवश्यकतामा आधारित भई प्रदान गरिएको छ। स्थानीय सरकारको लोककल्याणकारी कार्य स्वरुप यस गाउँपालिकामा रहेका द्धन्द तथा विपदबाट पिडित, घाइते, अपाङ्ग तथा शहीद परिवारहरुलाई सम्मान गरिनुका साथै वस्तुगत सहायता र नगद हस्तानतरण गरिएको छ। स्थानीय कला संस्कृतिको संरक्षण गर्न ८ वटै वडामा तालिम दिइएको छ।

चालु आ.ब. को वर्षायामसँगै असोजमा आएको अविरल वर्षाका कारण अत्यधिक क्षति पुगेको र सबैजसो पूर्वाधार खासगरि मोटरबाटो, खानेपानी र सिँचाई योजना विपद् व्यवस्थापन तथा मर्मत सम्भार कोषबाट रकम व्यवस्था गरि समयमानै सुचारु गरिएका छन् । विभिन्न प्रकोप र विपदमा परेका कमजोर एवं अशक्त व्यक्तिहरुमध्य 62 जनालाइ राहत प्रदान गरिएको छ।

सार्वजनिक सेवा प्रवाहलाई सुशासन युक्त र जनमैत्री बनाउन सेवा प्रवाहमा क्रमश सूचना सञ्चार प्रविधिको प्रयोगमा तिब्रता दिइएको छ। सामाजिक सुरक्षा भत्ता वितरण कार्य सम्बन्धित वडा कार्यालय र पायक पर्ने स्थानबाट गर्ने गरिएको छ। गाउँपालिकामा क्रियाशिल राजनैतिक दलहरु र सरोकारवाला वर्गसँग समयसमयमा मुख्यमुख्य छलफल तथा परामर्श भएकोले सार्वजनिक सेवा र विकासमा नागरिकको अपनत्व र स्वामित्त्व बढ्दै गएको छ। गाउँपालिकाको संस्थागत विकासका लागि आवश्यक पर्ने राजश्व सुधार योजना, जनशक्ति क्षमता विकास योजना निर्माण सम्पन्न भएका छन् भने गाउँपालिकाको भू-उपयोग संवेदनशिलतालाई मध्यनजर गरि भू-उपयोग योजना तथा विभिन्न पूर्वाधार आयोजनाको लागि डि.पि.आर. र आई.ई.ई. समेत निर्माण सम्पन्नको चरणमा छन् ।

सुकुमबासी तथा अव्यवस्थित वसोबासिको लगत संकलन भई तथ्याङ्क प्रविष्टि कार्य अन्तिम चरणमा पुगेको छ।

यद्यपि निकायगत समन्वयको अभाव, स्थानीय नागरिकको न्यून जनसहभागिता, आन्तरिक राजश्व उठ्ती कमजोर, भौगोलिक जटिलता, प्रशासनिक जनशक्तिको अपर्याप्त उपलब्धता जस्ता समस्याका बाबजुद पुँजिगत खर्चमा उल्लेखित प्रगति भएको छ।

**सभाअध्यक्ष महोदय,**

म आर्थिक वर्ष 2080/081 मा विभिन्न सरोकारवालाबाट प्राप्त राय सुझावहरु, वडागतबाट प्राप्त भएका मागहरु हाम्रो १ वर्षे कार्यकालको समिक्षा र आ.ब. 2080/081 को भर्खरै स्विकृत वार्षिक नीति तथा कार्यक्रमका आधारमा यस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न गैरहेको छु ।

## बजेटका उद्देश्यः

- संविधान बमोजिम स्वशासन, स्वसंचालन र स्वव्यवस्थापन गरि विकेन्द्रकरणका माध्यमकाट स्थानीय सरकारको सबलिकरण गर्नु
- शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरुको सबलीकरण, खानेपानी र सरसफाईमा सबैको समन्यायिक पँहुच मार्फत सशक्तिकरण र मानवीय विकास गर्नु
- सुरक्षित नागरिक आवास सहित विपद् व्यवस्थापन तथा मानव अधिकारको प्रवर्द्धन गर्नु
- कृषि तथा पशुपन्छिपालनमा व्यावसायिकरण र आधुनिकिकरण गरि स्वरोजगारिको सिर्जना मार्फत उद्यमशिलता र आत्मनिर्भरता हासिल गर्नु
- गुणस्तरिय, सर्वसुलभ, दिगो र भरिपर्दो पूर्वाधारहरुको विकास र विस्तार गर्नु
- समावेशि शासन र विकासको अवधारणा मार्फत आर्थिक सामाजिक रुपान्तरण सामाजिक सुरक्षा र संरक्षण गर्नु
- सिपयुक्त दक्ष जनशक्ति स्थानीय तहमा टिकाई राख्न स्वरोजगारमुलक क्षेत्रमा सार्वजनिक नीजि साझेदारी युक्त कार्यक्रम गरी मानवीय जिवनलाई सरल र सुखमय बनाउनु
- विपद्व्यवस्थापन गर्दै वातावरण मैत्री विकास अवधारणा अवलम्वन गर्नु
- आधुनिक सुचना सञ्चार प्रविधि अवलम्बन गर्दै विभिन्न संस्थागत क्षमता विकासात्मक कार्यका माध्यमबाट जनशक्तिको मनोबल बढाई सुशासन कायम गर्नु

## बजेटका प्राथमिकताः

- शिक्षा
- पूर्वाधार विकास
- स्वास्थ्य
- वातावरण तथा विपद् व्यवस्थापन
- संस्थागत विकास तथा सुशासन
- आर्थिक विकास
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

**सभाअध्यक्ष महोदय,**

उल्लेखित उद्देय तथा प्राथमिकताका आधारमा यस बंगलाचुली गाउँपालिकाको आ.ब. 2080/081 को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**"सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"**

विकासको साधन मानिस हो । बंगलाचुली बासिको सर्वाङ्गिण विकासका लागि शिक्षा क्षेत्रको भौतिक तथा संस्थागत विकासका लागि रु. 19 करोड ४० लाख (३३ प्रतिशत) र स्वास्थ्य क्षेत्रमा रु. 6 करोड 38 (१३ प्रतिशत) गरि जम्मा रु. २५ करोड ७८ लाख (४६ प्रतिशत) बजेट विनियोजन गरेको छु ।

नागरिकको निशुल्क शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चितताको लागि संघीय सरकार समेतको साझेदारीमा विभिन्न सामुदायिक विद्यालयहरुको भवन निर्माण गर्न रु. 2 करोड 39 लाख विनियोजन गरेको छु । स्वास्थ्य क्षेत्रको संमृद्धिका लागि बंगलाचुली अस्पताल पूर्वाधार निर्माणमा रु. 35 लाख र अस्पताल संचालन तथा व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकारको अनुदानबाट रु. ४० लाख विनियोजन गरेको छु।सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक संस्थाको संचालन तथा व्यवस्थापनका लागि रु. 3 करोड 90 लाख विनियोजन गरेको छु ।

संघ, प्रदेश तथा अन्य निकायका पूर्वाधार तर्फको समपुरक आयोजनाका लागि रु. 3 करोड विनयोजन गरेको छु ।

## सुरक्षित घरः सबैको रहर

सामाजिक समावेशिकरणलाई प्रबर्द्धन गर्दै सुरक्षित आवासको अधिकारको मौलिक हक सुनिश्चित गर्न तथा प्रदेश सरकारको सहकार्यमा गतविगत आ.ब. देखि नै संचालनमा आएको **"खरको छानो मुक्त अभियान"** लाई निरन्तरता दिदै आ.ब. 2080/081 मा सबै घरधुरी खरको छानो मुक्त तुल्याउन सुरक्षित नागरिक आवास कार्यक्रम क्रमागत आयोजना अन्तर्गत सूचिकृत भएका जम्मा १३०२ घरधुरीका लागि रु. 84 लाख बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका माध्यमबाट विपन्न तथा वञ्चितिकरणमा परेका सबै जातजातिका महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक, युवा किशोर, किशोरी दलित तथा जनजाति समेतका लागि क्षमता विकास तथा सिप विकास गर्न रु. 53 लाख विनियोजन गरेको

छ। गणतन्त्र प्राप्तिका लागि गर्नुभएको योगदानको सम्मान तथा सम्झना गर्दै शहीद परिवार, घाइते, अपाङ्ग सहयोग कार्यक्रम तथा शहीद, घाइते तथा बेपत्ता परिवार सम्मानका लागि रु. 5 लाख विनियोजन गरेको छ । वालमैत्री स्थानीय शासन लागु गर्न रु ६ लाख विनियोजन गरेको छ ।

गत विगत देखि **स्वास्थ्यका लागि खेलकुदः राष्ट्रका लागि खेलकुद** अवधारणामा संचालन हुँदै आएको बंगालाचुली कप प्रतियोगितालाई निरन्तरता दिदै युवाहरुका लागि युवा वुवतीको क्षमता विकास आत्मरक्षा खेलकुद तथा युवा स्वरोजगार कार्यक्रमको लागि संचालन गर्नका लागि ६ लाख रकम विनियोजन गरेको छ ।

## गाउँगाउँमा कृषि सेवाः आर्थिक विकासमा टेवा

९५% कृषक भएको यस गाउँपालिकाको भौगोलिक विविधताको उपयोग गर्दै कृषि तथा पशुपालनलाई आधुनिकिकरण र व्यावसायिककरण गर्न **एक वडा एक कृषि पशु पक्षी विकास प्राविधिक कार्यक्रम**का लागि आवश्यक रकम विनियोजन गरेको छ ।यसबाट किसानले वडा तहबाट नै सेवा प्राप्त गरी वाली तथा पशु उपचार,उन्नत पशु तथा कृषि बाली सम्बन्धी परामर्श र बजार व्यवस्थाका लागि सहजिकरण हुन गई खाद्य सुरक्षा तथा निकासीमा वृद्धि हुने विश्वास लिएको छ । कृषि तथा पशुपन्छि विकास र उद्योग वाणिज्य पर्यटन तर्फ रु. ७१ लाख विनियोजन गरेको छ ।

बहुक्षेत्रीय पोषण कार्यक्रमलाई कृषि प्रणालिसँग आवद्ध गर्न आवश्यक रकम विनियोजन गरेको छ। कृषि तथा पशुपालनका पकेट क्षेत्र विकास एवं विस्तार, र साना किसान सहयोग कार्यक्रम परिचालन गर्न प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजनाका लागि रु. ५ लाख विनियोजन गरेको छ । संवृद्धिका लागि वन विकास कार्यक्रममा रु. 37 लाख बजेट विनियोजन गरेको छ ।

स्थानीय कृषि उद्यमशिलताको विकासका लागि**सिप सँगै सहयोग**का लागि लघुउद्यम विकास कार्यक्रम तर्फ रु. 18 लाख विनियोजन गरेको छ। **Ps :yfgLotx, Ps pTkfbg, cuf{lgs s[lifpTkfbg,** **श्रममा आधारित युवा रोजगारि सृजना**का लागि युवा रोजगारिका लागि रुपान्तरण पहल परियोजना, प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि रु. **67** लाख विनियोजन गरेको छ । कृषि खेती तर्फ

किसानलाई आकर्षित गरी यस क्षेत्रलाई कफि पकेट क्षेत्रको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरेको छ ।

आर्थिक विकास तर्फ जम्मा रु. 1 करोड 98 लाख विनियोजन गरेको छ।

## दिगो विकास र संमृद्धिको आधारःपूर्वाधार

गाउँपालिकाको गौरबको आयोजना **एक घर, एक धारा** कार्यक्रम तर्फ रु. 85 लाख सँगै विभिन्न खानेपानी आयोजनामा रु. 50 लाख गरि रु. १ करोड ३५ लाख बजेट विनियोजन गरेको छ ।झोलुङ्गे पुल तर्फ रु. ३५ लाख र नदि नियन्त्रण तथा तटबन्धका लागि रु. 4 करोड विनियोजन गरेको छ । चालु सडक, खानेपानी, सिँचाई, विद्युतिकरण लगायतका पूर्वाधार संरचनाहरुको निर्माण, मर्मत सम्भार र संचालनका लागि विपद व्यवस्थापन कोषमा रु. १ करोड, मर्मत सम्भारकोषमा रु ४० लाख समेत गरी रु. ६ करोड ४५ लाख विनियोजन गरेको छ ।

## गणतन्त्रको आधारः स्थानीय सरकार

१५ शैयाको बंगलाचुली अस्पताल लगायत ९ वटा स्वास्थ्य संस्था, ८ वडा कार्यालय, र अन्य अन्तर्गतका कार्यालयहरुको संचालन तथा व्यवस्थापन गर्न रु. ७ करोड ६५ लाख बजेट विनियोजन गरेको छ । रेडियो बंगलाचुली एफ.एमको लागि रु. ४० लाख, टोल विकास संस्थाहरुको संचालन तथा व्यवस्थापन गर्न रु. 4 लाख, गाउँपालिकामा संचालित भूमि आयोगको कार्य गर्न रु. 40 लाख, गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई डिजिटाइज्ड गर्न रु. 10 लाख समेत गरि अन्य संस्थागत क्षमता विकास तथा सञ्चालनका लागि जम्मा रु. १ करोड ९७ लाख बजेट विनियोजन गरेको छ।

## सभाअध्यक्ष महोदय,

उल्लेखित नीति, उद्देश्य, प्राथमिकता र बजेटका आधारमा आ.ब. 2080/081 को बजेटको सार पेश गर्न गइरहेको छु । जहाँ पुँजिगत तर्फ रु. 24 करोड 65 लाख 60 हजार (43 प्रतिशत) र चालु तर्फ शिक्षा स्वास्थ्यको तलब भत्ता, कार्यक्रम, सामाजिक सुरक्षा, कार्य सञ्चालन तथा व्यवस्थापन सहित रु. 32 करोड

60 लाख 24 हजार (57 प्रतिशत) बजेट पेश गरेको छु ।तलब भत्ता तथा कार्यालय सञ्चालन तथा व्यवस्थापन लगायतका प्रशासनिक खर्च तर्फ रु. 7 करोड ६५लाख ( १३ प्रतिशत) खर्चको प्रस्ताव गरेको छु । प्रस्तुत बजेट मध्ये नेपाल सरकारको अनुदानबाट रु. 4१ करोड २८ लाख, संघीय राजश्व बाँडफाँडबाट रु. १० करोड ११ लाख, प्रदेश सरकारको अनुदानबाट रु. ३ करोड २१ लाख, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु. ४९ लाख ६१ हजार र आन्तरिक राजश्वबाट १ करोड ५० लाख र गत वर्षको मौज्दातबाट रु. 65 लाख हुने अनुमान गरेको छु ।

कार्यक्रम तथा बजेट यहाँहरु सामु वितरित अनुसूचीमा समावेश गरेको छु ।

## सभाध्यक्ष महोदय,

सभाका सदस्यज्यूहरु, सचिवालय लगायतका राष्ट्रिसेवक कर्मचारीहरु, सञ्चारकर्मी एवं समस्त बंगालचुली बासी महानुभावहरु, प्रस्तुत बजेट निर्माण कार्यमा अहोरात्र खटिई प्रत्यक्ष/अप्रत्यक्षरुपमा रचनात्मक सल्लाह, सुझाव एवं प्रतिक्रिया दिई सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु ।

बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरुको सक्रिय सहभागिता भई "**सबै मिलीजुली, हामी बनाउँछौ, हाम्रो बंगलाचुली**" भन्ने मूल नारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझाव एवं साथ प्राप्त हुने कुरामा विश्वास लिएको छु ।

**धन्यवाद**

......................
....................
भक्त वहादुर जि.सी.
उपाध्यक्ष
कमिरेचौर, दाङ्ग
मितिः- 2080 असार 08